सिंजा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला

कर्णाली प्रदेश, नेपाल

मितिः २०८२/०३/१२
ने. स. ११४५ दिल्लाथ्व पारु १ बिहिबार

पत्र संख्याः२०८१/०८२
च. न.

विषयः भुक्तानी निकासा लिने सम्बन्धमा ।

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा (७) दिन अगाबै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा विगत वर्षहरुमा आर्थिक वर्षको अन्तिममा (SuTRA) प्रणालीमा अत्याधिक चाप भई सर्भर तथा ईन्टरनेटमा समस्या उत्पन्न भई भुक्तानीमा ढिलाई हुने अवस्था रहेकोले महालेखा नियन्त्रक कार्यालयको निर्देशनात्मक पत्रानुसार चालु आ. व. २०८१/०८२ को आर्थिक कारोबार मिति २०८२/०३/२५ गतेको राति १२:०० बजे देखि स्थानीय सञ्चित कोष प्रणाली बाट हुने कारोबार बन्द हुने भएकोले यस कार्यालयबाट सम्झौता भई कार्यादेशमा सञ्चालित योजना र कार्यक्रमहरुको उपभोक्ता समिति, निर्माण व्यावसायी, आपुर्तिकर्ता, सेवा प्रदायक, परामर्शदाता, बिक्रेताहरुले हाल सम्म पनि भुक्तानीका लागी न्युन कागजातहरु पेश गरेकाले, कार्य सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धित तोकिएका प्रमाणित कागजातहरु अनिवार्य रुपमा मिति २०८२/०३/२० गते भित्र यस कार्यालयमा पेश गरी यथाशक्य छिटो भुक्तानी लिन हुन सम्बन्धित सबै सरोकारवालाहरुलाई यसै पत्र मार्फत जानकारी गरिन्छ । तसर्थ तोकिएको समयमा आवश्यक सम्पुर्ण कागजातहरु पेश हुन नसकि भुक्तानी हुन नसकेमा सोको जिम्मेवारी सम्बन्धित सरोकारवाला पक्ष स्यंम जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीका लागी अनुरोध छ ।

.....................
टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

Website:sinjamun.gov.np, Email:info@sinjamun.gov.np//ito.sinjamun@gmail.com
व्यवसायिक र सिर्जनशिल निजामती प्रशासनः विकास, समृद्धि र सुशासन